नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
व्यवस्थापन सेवा विभाग

**यस बैंकको लागि आवश्यक विविध छपाई सामाग्री छाप्ने बारे सिलवन्दी दरभाउपत्र आह्वानको सूचना ।**
**(प्रथम पटक प्रकाशित मिति : २०७६/०१/१७)**

१. दरभाउपत्र फारामको लागि रु.१,०००/-(पछि फिर्ता नहुने गरी) यस बैंकको काठमाडौं बैकिङ्ग स्थित प्रधान कार्यालय हिसाव नं. १ मा जम्मा गरि, सो रसिदको आधारमा यस बैंकको व्यवस्थापन सेवा विभागवाट दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ ।
२. दरभाउपत्र फाराममा आवश्यक सबै विवरण स्पष्ट रुपमा बुझिने गरी भर्नु पर्नेछ । केरमेट भएको ठाउँमा अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ ।
३. दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताले कम्पनी रजिष्टारको कार्यालय वा घरेलु तथा साना उद्योग वा वाणिज्य विभागको कार्यालयमा दर्ताको प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र/ स्थायी लेखा दर्ता नम्बर (PAN) र अघिल्लो आ.व. २०७४/७५ को कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ । कम्पनीको हकमा उपरोक्त अनुसारको कागजातको साथै प्रवन्धपत्र, नियमावलीको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गरि दरभाउपत्र कागजातका साथ पेश गर्नुपर्नेछ ।
४. दरभाउपत्रदाताले रु.२५,०००/- नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयको हि.नं.१ मा नगद जम्मा (भौचरमा रकम जम्मा गर्दा विविध छपाई सामाग्री छाप्ने दरभाउपत्र वापत लेखी दरभाउपत्रदाताको नाम खोल्नु पर्नेछ ) गरेको सक्कल भौचर वा सो वरावरको रकम न्यूनतम ७५ दिन अवधि भएको अन्य वाणिज्य बैंकको बिड बण्ड जमानत अनिवार्य रुपले पेस गर्नु पर्नेछ । ७५ दिन भन्दा कम अवधिको बैंक जमानत संलग्न भएको दरभाउपत्र स्वतः रद्द हुनेछ ।
५. दरभाउपत्र बुझाउँदा बैंकले उपलब्ध गराएको सम्पूर्ण दरभाउपत्र फाराम नै (नियम एवं शर्त सुविधा र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पेजको पुछारमा दरभाउपत्रदाताले सही गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।
६. रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्र तथा दरभाउपत्रदाताले कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिइने छैन ।
७. दरभाउपत्रको मान्यता अवधि दरभाउपत्र बुझाउने अन्तिम दिनवाट ४५ दिनको हुनेछ ।
८. दरभाउपत्र यस सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयसम्म यस विभागबाट उपलब्ध हुने दरभाउपत्र फारम खरिद गरी १६ औं दिन (२०७६/०२/०१) को विहान ११:३० बजे सम्म बुझाई सक्नु पर्नेछ र प्राप्त दरभाउपत्रहरु सोहि दिनको १२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बैंकको प्रधान कार्यालय स्थित व्यवस्थापन सेवा विभागमा खोलिनेछ । यदि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । उक्त दरभाउपत्रहरु विना कारण आंशिक वा पुरा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।
९. दरभाउपत्र बुझाउने अन्तिम दिन विदा परेमा वा कार्यालय वन्द रहेमा सो को भोलिपल्टको दिन दरभाउपत्र पेश गर्ने अन्तिम दिन मानिनेछ र दरभाउपत्र खोलिने दिन पनि विदा परेमा सोही बमोजिम हुनेछ ।
१०.विविध छपाई सामाग्री छाप्ने दरभाउपत्र बुझाउने दरभाउपत्रदाताको आफ्नै छापाखाना हुनुपर्नेछ ।
११. दरभाउपत्रदाता सरकारी कार्यालय, बैंक तथा बित्तीय संस्थाको कालो सूचीमा नपरेको भनि लिखित रुपमा स्वघोषणा उपलब्ध गराउनु पर्नेछ ।
१२.छपाई सामाग्रीको विवरण दरभाउपत्र फारममा उल्लेख गरिएको छ ।
१३.अन्य व्यहोरा दरभाउपत्र आवेदन फारममा संलग्न कागजात अनुसार हुनेछ । कुनै थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस बैंकको व्यस्थापन सेवा विभागमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ ।